**मिति २०८१।०२।०६ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को १७ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट निर्माणको कार्यलाई सहभागीतामूलक बनाउने गरी नगरपालिकाको आन्तरिक स्रोत, राजश्व बाँडफाँड, संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानको सिलिंग भित्र रही नगर क्षेत्र भित्रका सरोकारवाला पक्षहरुसंग छुट्टाछुट्टै बिषयगत समितिहरुको संमन्वयमा गर्ने र पूर्व जनप्रतिनिधि एवं नगरस्तरीय राजनैतिक दलहरुसंग नगरपालिकाको समन्वयमा छलफल एवं अन्तरक्रिया मार्फत राय, सल्लाह एवं सुझाव संकलन गरी नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट तर्जुमा प्रकृया अगाडी बढाउने र १५ औं नगर सभाको अधिवेशन मिति २०८१ असार ५ र ७ गते विहान ११ बजे नगर कार्यपालिकाको कार्यालयमा गर्ने निर्णय गरियो।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत बजेट बमोजिमका देहाय अनुसारका कार्यहरुको प्रस्तुतीकरण अनुमोदन गर्ने निर्णय गरियो।

१. गैंडाकोट नगरपालिकाको यातायात गुरुयोजना MTMP (Municipality Transport Master Plan) को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री नारायणी ट्रेनिङ् एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैंडाकोटका तर्फबाट ई. मोहनध्वज के.सी.लगायतको टिमले गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने।

२. गैंडाकोट नगरपालिकाको वडा नं.(३,४ र ८) रहेको क्षेत्रिय रंगशालाको IEE को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था सिभिल वर्क कन्सल्टेन्सी प्रा.लि. ललितपुरका तर्फबाट विशाल शर्मा लागयतको टिमले गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने।

३. गैंडाकोट नगरपालिकाको दिगो विकासको स्थानीयकरण प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था नमस्ते कपिलवस्तु प्रा. लि. तिलोत्तमा-२ रुपन्देहीका तर्फबाट विषय विज्ञको पृष्ठपोषण सहित भएको प्रस्तुतीकरण अनुमोदन गर्ने।

४. नगरपालिकामा छलफल पश्चात गैंडाकोट नगरपालिका वडा नं. ३ को सिंचाई/ खानेपानीको DPR को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था डेकोन एसोसिएट्स प्रा. लि. बुटवल-९, रुपन्देहीका तर्फबाट योजना स्थलमा वडा नं.३ मा नै DPR को प्रस्तुतीकरण गराउने।

**निर्णय नं.३** गैंडाकोट नगरपालिका वडा नं. १८ मा दमार सिंचाई योजनाको DPR का लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** नगरस्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८०/१२/१९ को निर्णय र निर्माणाधीन नारायणगढ-बुटवल सडक खण्डको निर्माण ब्याबसायी श्री चाइना स्टेट कन्सट्रक्सन इन्जीनियरिङ्ग कर्पोरेसन लि.को भेण्डर श्री प्रणब कन्स्ट्रक्सन कम्पनी एण्ड सप्लायर्स प्रा.लि.को च.नं. १६२ मिति २०८०/१२/१६ को पत्रमा उल्लेखित सडक निर्माण कार्य समय मै सम्पन्न गराउन आवश्यक पर्ने २ लाख घ.मि. नदिजन्य पदार्थ तथा क्रसर प्लान्ट स्थापना गर्न करीब ४ बिघा जग्गा आयोजना सञ्चालन अबधिभरको लागि उपलब्ध गराउन माग भए बमोजिम प्रति महिना रु.२५,०००/- राजश्व लिने गरी नारायणी नदी किनारमा रहेको गैंडाकोट वडा नं. ७ को सरकारी जग्गालाई प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरी भाडामा दिने निर्णय गरियो।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं.५** रेल विभागको च.नं. १४७ मिति २०८१/०२/०५ को पत्रानुसार मेची महाकाली बिद्युतीय रेल मार्ग अन्तर्गत निजगढ हेटौडा भरतपुर खण्ड सम्बन्धी राय सुझाव तथा सिफारिसका मागका सन्दर्भमा गैंडाकोट नगरपालिका अन्तर्गतको वडा नं. १३ मा रहेको ऐतिहासिक महत्व भएको सांस्कृतिक सम्पदा कैलाश सन्यास आश्रम,सुनवर्षा खेल मैदान र अन्य महत्वपूर्ण सम्पदालाई रेल मार्गले प्रत्यक्ष खण्डीकरण गर्ने एवं अन्य स्थानका आवसीय स्थानहरुमा समेत क्षति गर्ने देखिएकोले हाललाई नारायणी किनारबाट वैकल्पिक व्यवस्था गरी विकल्पको रुपमा बिद्युतीय रेल मार्ग लैजान सकिने विषय उल्लेख गरी रेल विभागलाई व्यहोरा खुलाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.६** गैंडाकोट नगरपालिका वडा नं.२ स्थित नारायणी नदी किनारमा जथाभावी रुपमा सवारी साधन धुने एवं सवारी साधनहरुबाट फोहोर मैला गर्ने गरेको भनी स्थानीय व्यक्तिहरुबाट गुनासो आएकोले उक्त कार्यहरुलाई रोकी आवश्यक व्यवस्थापन गर्न वडा नं. २ को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७** परासी रेडक्रस सोसाईटीले निर्माण गर्न लागेको रेडक्रस स्तम्भका लागि रु. २ लाख ५० हजार गत वर्षका छुट भैपरी/ आकस्मिक योजना/ कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** आकृति एड्भ्रटाईजिङगको मिति २०८१/०२/०३ गतेको विज्ञापन कर सम्बन्धमा प्राप्त भएको पत्रानुसार आ.व.२०८०/०८१ को लागि कार्यालयका तर्फबाट टेण्डर आब्हान नगरेको हुनाले उक्त आ.व.को कर चुक्ता पत्र उपलब्ध गराउन नपर्ने गरी सार्वजनिक जानकारीमूलक सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** गैंडाकोट नगरपालिकाको डिजिटल नगर प्रोफाईलको टेण्डरको सन्दर्भमा हालसम्म भएको कार्य प्रगतिका सन्दर्भमा नगरस्तरिय विषयविज्ञ एवं सरोकारवालाहरुसंग छलफल गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न. १०** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ८ | वडा कार्यालय परिसरमा पूर्वाधार निर्माण सि.नं.७९ | रु.४,००,०००/- | विजयनगर टोल विकास संस्था अन्तर्गत पौडेल मार्ग मोज्याक टायल लगाउने | रु.४,००,०००/- |
| ९ | वडा नं.९ थुम्सी पुल देखि नाराणयणी बगर जाने बाटो ढलान सि.नं.८६ | रु.२५,००,०००/- | हरि ॐ सत्संग साधाना सदन स्तरोउन्नति | रु.५,००,०००/- |
| | | | मेला काग्यू लिङ महाबौद्ध गुम्वा जाने सिडी निर्माण | रु.२०,००,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख